क्यान्सरविरुद्ध भ्याक्सिन

नारायणगढ समाचारदाता
नारायणगढ, माघ २१ गते

पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको एचपिभी खोपका लागि चितवनमा बाहिरी खोप केन्द्र सञ्चालन नगरिने भएको छ। माघ २५ गतेबाट सञ्चालन हुन लागेको खोप लगाउने अभियानको तयारीका सम्बन्धमा बुधबार भरतपुरमा आयोजित जिल्लास्तरीय खोप समन्वय समितिको बैठकले चितवनमा बाह्य खोप केन्द्र आवश्यक नभएको निष्कर्ष निकालिएको हो।

१० देखि १४ वर्ष उमेरका बालिकालाई एचपिभी खोप देशैभरि सञ्चालन गर्ने अभियान छ। यो अभियान अन्तर्गत विद्यालय, नियमित खोप केन्द्रसँगै बाह्य खोप केन्द्र सञ्चालन गरिनुपर्ने उल्लेख छ। जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख निर्मल घिमिरेले चितवनमा हरेक स्थानीय तहको वडास्तरमै खोप केन्द्र भएकाले बाह्य केन्द्र आवश्यक नभएको बताउनुभयो।

"हामीसँग आफ्नै खोप केन्द्र छन्। हरेक विद्यालयमा गएर खोप दिने योजना छ। चितवनमा बाह्य खोप केन्द्र आवश्यक छैन," उहाँले भन्नुभयो।

चितवनमा ७२५ वटा विद्यालय र ११४ स्वास्थ्य केन्द्रमा खोप केन्द्र बनाएर खोप दिने गरेको बैठकमा जानकारी गराएको छ। चितवनमा छ हजार ७६८ बालिका यो खोप लगाउने उमेरका छन्। यसका लागि सात हजार भ्याक्सिन आइसकेका छन्।

सिन्धुपाल्चोक-२ : त्रिपक्षीय प्रतिस्पर्धा

शेरबहादुर तामाङ

वंशलाल तामाङ

युवराज दुलाल

चौतारा समाचारदाता
चौतारा, माघ २१ गते

सिन्धुपाल्चोक क्षेत्र नम्बर-२ मा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ नजिकिँदै जाँदा चुनावी सरगर्मी बढ्दै गएको छ। यस क्षेत्रबाट मुख्य तीन राजनीतिक दलका उम्मेदवारसहित १८ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। जसका कारण प्रतिस्पर्धा रोचक बन्दै गएको छ।

सिन्धुपाल्चोक क्षेत्र नम्बर-२ मा नेकपा (एमाले) बाट शेरबहादुर तामाङ, नेपाली कांग्रेसबाट वंशलाल तामाङ र नेपाली कम्युनिस्ट पार्टीबाट युवराज दुलाल प्रमुख प्रतिस्पर्धीका रूपमा देखिएका छन्। यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीबाट फलकबहादुर श्रेष्ठसहित अन्य दल तथा स्वतन्त्र उम्मेदवार पनि प्रतिस्पर्धामा छन्।

यसअघि सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा नेपाली कांग्रेस-माओवादी केन्द्र गठबन्धनका तर्फबाट उम्मेदवार बनेका मोहनबहादुर बस्नेतले ३९ हजार ३८१ मत प्राप्त गरी विजय हासिल गर्नुभएको थियो। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का शेरबहादुर तामाङले २७ हजार ५१५ मत ल्याउनुभएको थियो।

त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका नरसिं श्रेष्ठले दुई हजार ८२० मत र राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार माया गुरुङले दुई हजार ४५३ मत प्राप्त गर्नुभएको थियो। यस पटक एमाले र कांग्रेस दुवै पार्टी प्रतिष्ठा जोगाउने दौडमा छन्। दुई पटक प्रदेश सभा सदस्यमा गठबन्धनबाट निर्वाचित नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार युवराज दुलालले चुनाव आफ्नो पक्षमा पार्ने दाउमा हुनुहुन्छ। अघिल्लो स्थानीय तह निर्वाचनको परिणाम हेर्दा नेकपाको मत तुलनात्मक रूपमा कमजोर देखिन्छ।

विकासनिर्माणमा निरन्तर खटिएको र जनताको समर्थन प्राप्त भएकाले यस निर्वाचनमा सफलता हासिल हुने दुलालको दाबी छ। मनोनयन दर्तालगत्ते चुनावी अभियानमा जुट्नु भएका नेकपा (एमाले) का उम्मेदवार शेरबहादुर तामाङले पार्टीको सुदृढ सङ्गठन, भूगोलमा गहिरो पहुँच र आफ्नो अनुभवका कारण निर्वाचन सहज हुने विश्वास व्यक्त गर्नुभएको छ।

संविधान सभाको दोस्रो कार्यकाल र प्रतिनिधि सभा निर्वाचन २०७४ मा निर्वाचित भई संसद्मा प्रभावकारी भूमिका निर्वाह गरेको उल्लेख गर्दै उहाँले विपत्ग्रस्त मेलम्ची क्षेत्रको विकास, मेलम्ची खानेपानी व्यवस्थापनलगायतका मुद्दालाई प्राथमिकतामा राख्नु भएको छ। स्थानीय तह निर्वाचनको परिणामलाई आधार मान्दा नेपाली कांग्रेस यो क्षेत्रको बलियो शक्ति मानिन्छ। कांग्रेस उम्मेदवार वंशलाल तामाङले स्थानीय तहमा पार्टीको मजबुत उपस्थिति नै आफ्नो जितको मुख्य आधार भएको बताउनुभएको छ।

यसअघि इन्द्रावती गाउँपालिकाको अध्यक्षमा निर्वाचित तामाङले आर्थिक समृद्धि र स्थानीय विकासका मुद्दालाई चुनावी एजेन्डा बनाउनुभएको छ। चुनाव नजिकिँदै जाँदा सिन्धुपाल्चोक क्षेत्र नम्बर-२ मा उम्मेदवारबिचको प्रतिस्पर्धा थप तीव्र र रोचक बन्दै जाने सङ्केत देखिएको छ।

» राप्ती नगरपालिका

माविसम्म निःशुल्क शिक्षा

चितवन समाचारदाता
चितवन, माघ २१ गते

चितवनको राप्ती नगरपालिकाले विद्यालय तहको सम्पूर्ण शिक्षा निःशुल्क गरेको छ। पालिकाले निःशुल्क शिक्षा उपलब्ध गराएपछि सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या वृद्धि भएको छ।

निःशुल्क शिक्षा लागु गर्नुपूर्व पालिकामा नौ हजार विद्यार्थीले अध्ययन गरेका थिए भने अहिले वृद्धि भएर १४ हजार पुगेको राप्ती नगरपालिका प्रमुख शमशेर लामाले जानकारी दिनुभयो। पालिकाले दुई वर्ष अगाडिबाट निःशुल्क शिक्षा लागु गरेको हो। विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले कुनै पनि शुल्क तिर्न पर्दैन। कार्यक्रममा विद्यार्थीको आकर्षण नबढेपछि राजनीतिक विवादले गर्दा अहिले बजेट निकासा हुन सकेको छैन।

पालिकामा रहेको ४९ वटा विद्यालयमा अध्ययन गर्ने १४ हजार विद्यार्थीलाई पालिकाले निःशुल्क अध्यापन गर्ने व्यवस्था मिलाएको छ। पालिकाले आफ्नै खर्चमा कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीलाई समेत निःशुल्क शिक्षा दिएको हो।

पालिका प्रमुख लामाले भन्नुभयो, "संविधानले दिएको अधिकार अनुसार पालिकाले सरकारी विद्यालयमा अध्ययन गर्ने माध्यमिक तहसम्मका विद्यार्थीले कुनै शुल्क तिर्नु पर्दैन।" पालिकाको महत्त्वकाङ्क्षी योजना पूर्ण रूपमा कार्यान्वयनको चरणमा थियो तर विभिन्न राजनीतिक विषय निकालेर पालिकामा तालाबन्दी गर्ने, आन्दोलन चर्काउने भएपछि पालिकाको प्रमुख कार्यकारी अधिकृत नै टिक्न सकेको छैन।

"पालिकाले वार्षिक योजनामा कार्यक्रम राखेर निःशुल्क शिक्षा लागु गरेको हो। सुरुका वर्षमा बजेट निकासा भएर काम भयो," पालिका प्रमुख लामाले भन्नुभयो। गत आर्थिक वर्षको केही बाँकी रकमसमेत निकासा गर्न समस्या भएको छ। चालु आवको विद्यार्थीलाई दिने खर्च निकासा गर्न नसकिएको उहाँले बताउनुभयो।

पालिकाको चार वटा माध्यमिक विद्यालयमा कक्षा ११ र १२ अध्यापन हुँदै आएको छ। तीमध्ये राप्ती-२ मा रहेको बुद्ध शान्ति माध्यमिक विद्यालयमा कृषि प्राविधिक, राप्ती-६ को भण्डारा माविमा विज्ञान, राप्ती-७ को वीरेन्द्र आवासीय माविमा विज्ञान, राप्ती-१ थाकलटार माविमा शिक्षा विषयमा अध्यापन हुँदै आएको छ। योसहित पालिकाका सबै विद्यालयमा निःशुल्क शिक्षा लागु गरिएको छ। थाकलटार पालिकाको विकट पहाडी क्षेत्र हो। लामा नगर प्रमुख भएपछि यस विद्यालयमा कक्षा ११ र १२ अध्यापन सुरु गरिएको हो। यहाँ अधिकांश विद्यार्थी चेपाङ, गुरुङ र तामाङ रहेका छन्।

राप्ती-६ मा रहेको भण्डारा माध्यमिक विद्यालयका प्रधानाध्यापक कुमारसिंह लामाले पालिकाले गरेको निःशुल्क शिक्षा कार्यक्रम ज्यादै राम्रो भएको बताउनुभयो। साधारण शिक्षाभन्दा पनि विज्ञान अध्ययन गर्नेका लागि अझै धेरै प्रभावकारी भएको छ। "सुरुका वर्षमा बजेट निकासा हुँदा सजिलो भएको थियो," उहाँले भन्नुभयो, "अहिले गत वर्षको केही रकम बाँकी रहेको छ। चालु आवको तलबबाहेक अन्य रकम निकासा नहुँदा काम गर्न समस्या भएको छ।" प्रमुख लामाका अनुसार निःशुल्क शिक्षामा वार्षिक छ करोड रुपियाँ खर्च लाग्दै आएको छ।

भेटघाटमा व्यस्त उम्मेदवार

बनेपा समाचारदाता
बनेपा, माघ २१ गते

प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै जिल्लास्थित राजनीतिक दल र उम्मेदवार घरदैलो अभियानमा जुटेका छन्। निर्वाचन मिति नजिकिएसँगै जिल्लामा सक्रिय रहेका नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), उज्यालो नेपाल पार्टीलगायत जिल्लामा सक्रिय राजनीतिक दल र स्वतन्त्र उम्मेदवार घरदैलो अभियानमा जुटेका हुन्।

नेकपा (एमाले) काभ्रेपलाञ्चोक जिल्ला कमिटीले निर्वाचनलाई लक्षित गर्दै जिल्लाका दुवै निर्वाचन क्षेत्रमा पालिकास्तरीय विस्तारित बैठक तथा कार्यकर्ता भेला सुरु गरेको जनाएको छ। एमाले जिल्ला अध्यक्ष राजन भुर्तेलले प्रतिनिधि सभा क्षेत्र नम्बर-१ अन्तर्गत जिल्लाको खानीखोला, महाभारत गाउँपालिका, पनौती, धुलिखेल नगरपालिकास्तरीय बैठक र कार्यकर्ता भेला गरेको बताउनुभयो।

उहाँले क्षेत्र नम्बर-१ अन्तर्गतका पालिकामा २१ गतेसम्म विस्तारित बैठक र भेला गर्ने बताउँदै क्षेत्र नम्बर-२ अन्तर्गत बनेपा, धुलिखेल, पनौतीमा विस्तारित बैठक र कार्यकर्ता भेला सकिएको बताउनुभयो। उहाँले क्षेत्र नम्बर-२ अन्तर्गत मण्डनदेउपुर, बेथानचोक, पाँचखाल र भुम्लु गाउँपालिकास्तरीय बैठक र भेला माघ २४ गतेभित्र सकिने बताउनुभयो। उहाँले पालिकास्तरीय र वडास्तरीय निर्वाचन परिचालन कमिटी गठन गरी उम्मेदवारबिना पनि चुनावी प्रचारप्रसारका लागि खट्न निर्देशन दिइएको बताउनुभयो।

कांग्रेस जिल्ला सभापति तीर्थ लामाले कांग्रेस जिल्ला समितिले चुनावी क्यालेन्डर नै बनाएर आइतबारदेखि प्रतिनिधि सभा क्षेत्र नम्बर-१ अन्तर्गत जिल्लाको खानीखोला गाउँपालिकाको पिल्चेबाट घरदैलो अभियान सुरु गरिएको बताउनुभयो। उहाँले उम्मेदवारसहित घरदैलो निस्केको टोलीले स्थानीयस्तरमा रहेका कार्यकर्ता, मतदाता भेटघाट गर्ने र उहाँहरूको सल्लाह सुझाव सङ्कलन गर्ने बताउनुभयो।

सभापति लामाले प्रतिनिधि सभा क्षेत्र-२ अन्तर्गत भुम्लु, पाँचखाल, बेथानचोकमा रहेका मतदातासँग भेटघाट कार्यक्रम भइरहेको बताउनुभयो। नेपाली कम्युनिस्ट पार्टीका जिल्ला संयोजक भोला अर्यालले जिल्लाको प्रतिनिधि सभा क्षेत्र नम्बर-१ मा पार्टीको आन्तरिक बैठक तथा छलफल भइरहेको बताउनुभयो। उहाँले क्षेत्र नम्बर-२ मा आइतबारदेखि बेथानचोक गाउँपालिका-४, गणेशस्थानबाट मतदाता भेटघाट सुरु भएको बताउनुभयो। उहाँले जिल्लाका दुवै क्षेत्रमा फागुन ४ गतेसम्म मतदाता भेटघाट तथा घरदैलो कार्यक्रम सञ्चालन गरिने र फागुन ४ गतेपछि कोणसभा, आमसभालगायतका गतिविधि अघि बढाइने तयारी भइरहेको बताउनुभयो।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार पनि जिल्लाका दुवै क्षेत्रमा रहेका पालिकास्तरीय समितिसँग समन्वय गरेर आफ्ना गतिविधि अघि बढाइरहेको छ। रास्वपा जिल्ला सभापति प्रविन ढकालले पार्टीका दुवै क्षेत्रका उम्मेदवार पालिका समितिसँग समन्वय गरेर मतदाता भेटघाटका लागि घरदैलो अभियानमा रहेको बताउनुभयो।

उहाँले उम्मेदवारको मतदाता भेटघाटका साथै पार्टीको चुनावी घोषणापत्र तयारीको अन्तिम चरणमा रहेको बताउँदै घोषणापत्र तयार भएपछि घोषणापत्रसहित आममतदातासमक्ष जाने बताउनुभयो। त्यसै गरी उज्यालो नेपाल पार्टीलगायतका अन्य राजनीतिक दल र स्वतन्त्र उम्मेदवार पनि मतदाता भेटघाटमा लाग्नुभएको छ।

साढे चार हजारलाई एचपिभी खोप

हेटौँडा समाचारदाता
हेटौँडा, माघ २१ गते

सरकारको राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत मकवानपुरमा साढे चार हजार किशोरीलाई एचपिभी खोप लगाइने भएको छ।

जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार चार हजार ४०३ जना किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध ह्युमन पापिलोमा भाइरस (एचपिभी) खोप लगाइने भएको हो। मकवानपुरका १० वटै स्थानीय तहका ६ कक्षामा अध्ययनरत १० वर्ष उमेर समूहका किशोरीलाई एचपिभी खोप लगाउन लागिएको जनस्वास्थ्य कार्यालय मकवानपुरका निमित्त प्रमुख लक्ष्मण घिमिरेले जानकारी दिनुभयो।

पहिलो चरणमा माघ २५ देखि फागुन १ गतेसम्म विद्यालयमा अध्ययनरत विद्यार्थीलक्षित गरी खोप अभियान सुरु गरिने छ। त्यसपछि फागुन २२ गतेसम्म दोस्रो चरण अन्तर्गत नियमित खोप अभियान सञ्चालन गरिने निमित्त प्रमुख घिमिरेले बताउनुभयो। मकवानपुरमा सबैभन्दा बढी किशोरी हेटौँडा उपमहानगरमा छन्।

आश्रमलाई सहयोग

मकवानपुर समाचारदाता
मकवानपुर, माघ २१ गते

सञ्चारिका समूह मकवानपुरलाई सेनेटरी प्याड र वैदिक संस्कृत गुरुकुलमलाई खाद्यान्न तथा पोसाक सहयोग गरिएको छ। हेटौँडा उपमहानगरपालिका-२ स्थित रेडियो मकवानपुरको १६ औँ वार्षिकोत्सव तथा रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २८ औँ स्थापना दिवसका अवसरमा सञ्चारिका समूह मकवानपुरलाई सेनेटरी प्याड र वैदिक संस्कृत गुरुकुलमलाई खाद्यान्न सहयोग गरिएको हो।

रेडियो मकवानपुरका सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा कार्यक्रम भएको थियो। नेपाल पत्रकार महासङ्घ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी सञ्चारिका समूह मकवानपुरकी अध्यक्ष निशा गुरुङसहितको टिमलाई दुई सय थान सेनेटरी प्याड हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा पत्रकार महासङ्घ मकवानपुरका अध्यक्ष अधिकारीले महिला पत्रकारको क्षमता अभिवृद्धिमा पत्रकार महासङ्घ मकवानपुरले सहयोग गर्दै आएको बताउनुभयो। यस्तै हेटौँडा उपमहानगरपालिका १८ स्थित श्री वैदिकवानप्रस्थ आश्रमद्वारा सञ्चालित वैदिक संस्कृत गुरुकुलमलाई खाद्यान्न र पोसाक सहयोग गरिएको छ।

रेडियो मकवानपुर सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिका-१८ का वडा सदस्य योगराज खतिवडाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा आश्रमलाई चामल, दाल, नुन र खाने तेल सहयोग प्रदान गरिएको हो।

Expression of Interest (EOI)

The National Democratic Institute (NDI) is seeking competent and experienced project - implementing partner organizations (NGOs) and invites Expressions of Interest (EOI) from Nepalese NGOs for the initiative outlined below.

Project Title: Intergenerational civil society engagement for fiscal transparency and accountability

Project Objectives: The implementing partner will engage youth, civil society and political actors with the following objectives:

1. Identify pathways for reform in the use of public funds and their transparency
2. Conduct strategic advocacy with political actors for reform

Applicant organizations must be based in Kathmandu and have a proven track record of working nationwide.

The expression of interest package (proposal package) has to be sent at nepaljobs@ndi.org by February 25, 2026.

Please scan here:
https://shorturl.at/m207f

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना प्रविधि विभाग

एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र)

सिंहदरबार, काठमाडौं

बोलपत्र आह्वानको सूचना (प्रकाशित मिति: २०८२/१०/२२)

Bid No.	Bid Name	Date of Pre-bid Meeting	Last Date of Bid Submission	Bid Security
IDMC/ NCB/G/ 2082-83/03	Supply And Delivery of Spare Parts for Electromechanical, Electrical and HVAC System	2082/10/29, 11:00 AM (IDMC Office)	2082/11/08 12:00 PM, Friday	Rs. 70,000/-

उक्त ठेक्काको विस्तृत विवरण www.bolpatra.gov.np/egp online सिष्टम मार्फत हेर्नुहुन सम्पूर्णमा यो सूचना प्रकाशित गरिएको छ। (Bid Document Fee: NRs. 3000/-)

कार्यालय प्रमुख

पुराना मतपेटिका सफा गरेर पठाउने तयारी

हेटौँडा समाचारदाता
हेटौँडा, माघ २१ गते

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी तीव्र पारिएको छ। निर्वाचनका लागि खटिने कर्मचारीदेखि आवश्यक सामग्रीको तयारी तीव्र पारिएको प्रदेश निर्वाचन कार्यालय हेटौँडाले जनाएको छ। विगतको निर्वाचनमा प्रयोग भएका पुराना मतपेटिकालाई सफा गरेर पठाउने तयारी गरिएको हो। प्रदेश निर्वाचन कार्यालय हेटौँडामा पुराना मतपेटिकालाई धमाधम सफा गरेर निर्वाचनका लागि तयार गरिएको प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले बताउनुभयो।

"निर्वाचनका लागि मौजुदा सामग्री तयारी गरिरहेका छौँ, एउटा मतदान केन्द्रमा ५२ प्रकारका निर्वाचन सामग्री पठाउनु पर्छ, हामीले तयारी थालिसकेका छौँ," उहाँले भन्नुभयो। मतपेटिका, मतदाता नामावली, स्वस्तिक छाप, छेकाबार, अनुसूची फाराम धमाधम तयार पारिरहेको उहाँले जानकारी दिनुभयो। प्रत्येक मतदान केन्द्रमा दुई वटा मतपेटिका प्रयोग हुन्छ, उहाँले थप्नुभयो "एउटा जगेडासहित तीन वटा मतपेटिका पठाउने तयारी गरेका छौँ।"

प्रत्यक्ष उम्मेदवारको मतदानका लागि ४३ लिटर क्षमताको मतपेटिका र समानुपातिकका लागि ८५ लिटर क्षमताको मतपेटिका पठाइने उहाँले जानकारी दिनुभयो। मतदानपश्चात् मतपेटिकाको बाहिर ढाक्न प्रयोग हुने कपडासमेत आइसकेको जानकारी दिँदै निर्वाचन आयोगबाट सिल, मतदाता नामावली, मतपेटिकामा टाँस्ने स्टिकरलगायतका सामग्री आउन बाँकी रहेको उहाँले जानकारी दिनुभयो।

तोकियो स्रोतव्यक्ति

दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरका लागि १० वटै स्थानीय तहमा निर्वाचन स्रोतव्यक्ति (फोकल पर्सन) तोकिएको छ। प्रदेश निर्वाचन कार्यालय हेटौँडाका अनुसार थाहा नगरपालिकामा अनिल लामिछाने, मकवानपुरगढीमा रामबहादुर घलान, बागमती गाउँपालिकामा प्रकाश चन्द्र, बकैया गाउँपालिकामा आइतराम तामाङ र भीमफेदी गाउँपालिकामा चक्र साउदलाई निर्वाचन स्रोतव्यक्ति तोकिएको हो।

त्यस्तै हेटौँडा उपमहानगरपालिकामा रमेश बिडारी, राक्सीराङमा गोविन्द अधिकारी, इन्द्रसरोवरमा धर्मानन्द पन्त, कैलाशमा समीर जोशी र मनहरी गाउँपालिकामा प्रदीप पराजुलीलाई फोकल पर्सन तोकिएको छ। फागुन ३ देखि १७ गतेसम्म सञ्चालन हुने मतदाता शिक्षाका लागि प्रतिवडा एक जना स्वयंसेवक खटाइने छ। निर्वाचन कार्यालयबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न स्वयंसेवक खटाइने भएको छ।

बैङ्क खाताका लागि पत्राचार

निर्वाचन आयोगको परिपत्र अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचनमा सहभागी दल र उम्मेदवारले छुट्टै बैङ्क खाता खोल्नुपर्ने भएपछि मकवानपुर जिल्लाका राजनीतिक दल तथा उम्मेदवारका लागि निर्वाचन अभियानसम्बन्धी आर्थिक कारोबार गर्न छुट्टै बैङ्क खाता खोल्न पत्राचार गरिएको छ। दुई निर्वाचन क्षेत्रका ४४ जना उम्मेदवारलाई निर्वाचन आयोगबाट माघ २० गते स्वीकृत प्रतिनिधि सभा सदस्य निर्वाचन प्रचारप्रसार बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८२ अनुसार बैङ्क खाता सञ्चालन गर्न पत्राचार गरिएको हो।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सार्वजनिक खरिद अनुगमन कार्यालय

केसरमहल, काठमाडौं।
(सूचना प्रकाशित मिति : २०८२।१०।२२ गते)

कालोसूचीमा राखिएको सूचना

तपसिलका सार्वजनिक निकायहरूबाट लेखी आए बमोजिम यस कार्यालयको मिति २०८२।१०।२१ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम यो सूचना प्रकाशित भएको मितिदेखि लागू हुने गरी देहायका निर्माण व्यवसायी/आपूर्तिकर्ताहरूलाई देहायको अवधिसम्म कालोसूचीमा राखिएकोले उक्त निर्माण व्यवसायी/आपूर्तिकर्ताहरूले कालोसूचीमा राखिएको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन नसक्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र. सं.	कालोसूचीमा राख्न लेखी पठाउने सार्वजनिक निकायहरूको नाम, ठेगाना	कालोसूचीमा राखिएका निर्माण व्यवसायी/आपूर्तिकर्ताहरूको नाम, ठेगाना	कालोसूचीमा राखिएको समयावधि
१.	श्री कर्णाली प्रदेश सरकार, पूर्वाधार विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत	श्री कान्छाराम कन्स्ट्रक्सन कम्पनी प्रा.लि., मैजुबहाल-०७, काठमाडौं। (मुख्य व्यक्तिः श्री दिपक थिङ)	१ (एक) वर्ष ६ (छ) महिना
२.	श्री सम्भारथी विभाग, जङ्गी अड्डा, काठमाडौं	श्री Capital Enterprises, जावलाखेल, ललितपुर। (मुख्य व्यक्तिः श्री विजय कृष्ण श्रेष्ठ)	१ (एक) वर्ष
३.	श्री पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक	श्री श्रीओम अटो ल्युब प्रा.लि. सुन्दरहरैचा नगरपालिका-०९, विराटनगर, मोरङ। (मुख्य व्यक्तिः श्री अमित सुनाम)	१ (एक) वर्ष
४.	श्री खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम (पश्चिम)	श्री Arctic Construction Pvt. Ltd., महाराजगञ्ज न.पा.-०१, कपिलवस्तु। (मुख्य व्यक्तिः श्री फिरोज मोहम्मद मनिहार)	१ (एक) वर्ष
५.	श्री बुलिङटार गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी	श्री ग्रीन वर्ल्ड कन्स्ट्रक्सन प्रा.लि. काठमाडौं-१६ (मुख्य व्यक्तिः कृष्ण गुप्ता)	१ (एक) वर्ष
६.	श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई, सानोठिमी, भक्तपुर	श्री अग्रिम-लङभिजन-धनलक्ष्मी जे.भी. श्री अग्रिम कन्स्ट्रक्सन एण्ड सप्लायर्स बूढानीलकण्ठ, काठमाडौं। (मुख्य व्यक्तिः श्री वसन्त थापसुहाङ) श्री लङभिजन कन्स्ट्रक्सन, बालाजु, काठमाडौं। (मुख्य व्यक्तिः श्री अभय कुमार झा) श्री धनलक्ष्मी निर्माण सेवा, मध्यपुर ठिमी, भक्तपुर। (मुख्य व्यक्तिः श्री प्रदीप पुडासैनी)	१ (एक) वर्ष ६ (छ) महिना
७.	श्री रामप्रसादराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बैकुण्ठे, भोजपुर	श्री मार्सेली निर्माण सेवा, भोजपुर (मुख्य व्यक्तिः श्री श्यामकुमार श्रेष्ठ)	१ (एक) वर्ष

KARAIYAMAI RURAL MUNICIPALITY

Office of the Rural Municipal Executive
Karaiya, Bara

Invitation for Re-Bids No.: 05

Date of publication: 2082/10/22

1. **KARAIYAMAI RURAL MUNICIPALITY, KARAIYA, BARA** invites electronic National Competitive Bidding (NCB) from eligible bidders for the procurements mentioned below.
2. Eligible Bidders may obtain further information about the bidding documents at the office **of the Karaiyamai Rural Municipality Karaiya, Bara,** www.karaiyamaimun.gov.np, 9865017375 or may visit PPMO Website www.bolpatra.gov.np

Contract Identification No.	Description	Estimated Amount Without VAT&PS	BID Security (Nrs.)	Bidding Document fee (Nrs.)	Deadline Of Bid Submmission
KRM/NCB(RE)/ W/05/2082-083	Construction of Karaiyamai Rajdevi Temple	49,45,562.51	1,65,000.00	3,000.00	2082/11/08

3. The employers reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to bidders.

Chief Administrative Officer

सुरक्षा सेवा आपूर्ति गर्ने सम्बन्धी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मिति : २०८२।१०।२२ गते

यस संस्थानको केन्द्रीय कार्यालय, धर्मपथ काठमाडौंका लागि १२ जना, पूर्वक्षेत्र प्रकाशन गृह, विराटनगर मोरङका लागि ३ जना र पश्चिमक्षेत्र प्रकाशन गृह, कोहलपुर बाँकेका लागि ३ जना गरी जम्मा १८ जना सुरक्षा गार्ड आपूर्ति गर्ने सम्बन्धी मिति २०८२।०६।२९ गते एक महिनाको समयावधि राखी विद्युतीय खरिद प्रणाली मार्फत राष्ट्रिय स्तरको बोलपत्र आह्वानको सूचना प्रकाशित गरेकोमा सो समयावधिभित्र प्राप्त हुन आएका बोलपत्रहरूमध्ये देहाय बमोजिमको बोलपत्र मिति २०८२।१०।२१ गतेको निर्णय अनुसार सारभूत रूपमा प्रभावग्राही बोलपत्र भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

सूचना नं.	कामको विवरण	छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट बाहेक)
Gorkhapatra-G-NCB-Sa.Pra.3/ 082/083	केन्द्रीय कार्यालय, धर्मपथ काठमाडौंमा १२ जना, पूर्वक्षेत्र प्रकाशन गृह, विराटनगर, मोरङमा ३ जना र पश्चिमक्षेत्र प्रकाशन गृह, कोहलपुर, बाँकेमा ३ जना गरी कुल १८ जना सुरक्षा गार्ड मार्फत सम्बन्धित कार्यालय हाताभित्र चौबिसै घन्टा सुरक्षा सेवा प्रदान गर्नुपर्ने।	श्री ट्रष्ट गार्ड सेक्युरिटी सर्भिस प्रा.लि., सामाखुशी काठमाडौं।	प्रति व्यक्ति मासिक रु.२७,७३७।४८ का दरले १८ जनाको मासिक रु. ४,९९,२७४।६४

सामान्य प्रशासन शाखा
गोरखापत्र संस्थान
फोन नं. ५३२३०७८